# त्रिभुवन विमानस्थलमा 'भिजिटर' पास वितरण बन्द

**काठमाडौं, २६ साउन (रासस)** : नेपाल नागरिक उड्डयन प्राधिकरण त्रिभुवन अन्तरराष्ट्रिय विमानस्थल कार्यालयले अन्तरराष्ट्रिय टर्मिनल भवनमा दिँदै आएको भिजिटर पास वितरण बन्द गर्ने भएको छ ।

विमानस्थलमा भिजिटर पासका लागि भनसुन गरी लिने तथा पहुँच नभएका व्यक्तिले नपाउने गरेको गुनासो आएकाले भिजिटर पास बन्द गर्न लागिएको त्रिभुवन अन्तरराष्ट्रिय विमानस्थलका महाप्रबन्धक हंसराज पाण्डेले बताउनुभयो । उहाँले भन्नुभयो, 'त्रिभुवन अन्तरराष्ट्रिय विमानस्थल सुविधादेय समितिको निर्णयअनुसार यही साउन २७ गतेदेखि अन्तरराष्ट्रिय टर्मिनल ड्युटी अफिसमार्फत वितरण हुँदै आएको भिजिटर पासको वितरण कार्य बन्द गरिएको छ ।'

विमानस्थल कार्यालयले सोमबार एक सार्वजनिक सूचना जारी गरी त्रिभुवन अन्तरराष्ट्रिय टर्मिनल भवनबाट आवागमन गर्नुहुने व्यक्तिगत सहायता आवश्यक पर्ने वृद्धवृद्धा, शारीरिक रुपमा फरक क्षमता भएका यात्रु, गर्भवती एवं नाबालक यात्रुका लागि सहायता कक्षको व्यवस्था गरिएको जनाएको छ । साथै ह्विलचेयरलगायत विशेष सहयोग आवश्यक पर्ने यात्रुका लागि सम्बन्धित वायुसेवा कम्पनीको सहयोगमा सहजिकरण भइरहेको महाप्रबन्धक पाण्डेले जानकारी दिनुभयो । सामान 'चेक–इन' सत्या र अधिकतम तौलको सीमा हवाई टिकटमा उल्लेख हुने भएकाले सोही व्यवस्थालाई पालना गरिदिनु हुनसमेत अनुरोध गरिएको छ । 'त्रिभुवन अन्तरराष्ट्रिय विमानस्थल सुविधादेय समितिको निर्णय अनुसार मङ्गलबारदेखि लागू हुनेगरी अन्तरराष्ट्रिय टर्मिनल भवनमार्फत वितरण हुँदै आएको भिजिटर पास वितरण बन्द गरिएको व्यहोरा सरोकार भएका सबैमा जानकारीका लागि अनुरोध गरिन्छ', उक्त सार्वजनिक सूचनामा उल्लेख गरिएको छ ।

नेपाल सरकार
भूमि व्यवस्था, सहकारी तथा गरिवी निवारण मन्त्रालय
भूमि व्यवस्थापन तथा अभिलेख विभाग

## मालपोत कार्यालय दोलखा

**नामसारी सम्बन्धी ३५ दिने सार्वजनिक सूचना**

**प्रथम पटक सुचना प्रकाशन मिति : २०८२/०४/२७**

उपरोक्त सम्बन्धमा दोलखा जिल्ला साविक चरिकोट गा.वि.स वडा नं ४ हाल भीमेश्वर नगरपालिका वडा नं ६ स्थायी ठेगाना भएको रामकाजी खत्रीले जग्गा नामसारी गर्नको लागि सिफारिस पाउँ भनि यस कार्यालयमा निवेदन दिएकोमा सो निवेदन अनुसार दोलखा जिल्ला साविक चरिकोट गा.वि.स वडा नं ४ को कि.नं. १८५ र ५८१८ क्षेत्रफल ०००१० र ००१५६ व.मी भएको जग्गा ऐऐे माटी गा.वि.स.वडा ५ को कि.नं. २५३० क्षेत्रफल ०१०५७ ऐऐे बस्ने डम्बर बहादुरको नाति खड्ग बहादुर खत्रीको छोरा गणेश बहादुर खत्रीको नाममा दर्ता कायम रहेको, निजको मिति २०७७/०९/२९ मा मृत्यु भएको, निजको शेषपछिको सबभन्दा नजिकको हकदार एकमात्र श्रीमती जितरानी खत्रीको पनि मिति २०४४/०३/१५ मा मृत्यु भएको, यी दम्पतिबाट २ छोरा थरक बहादुर खत्री, गणेश बहादुर खत्री र १ छोरीको जयजन्म भएकोमा जेठा छोरा थरक बहादुर खत्रीको २०७९ /१०/२४ मा अविवाहीत अवस्थामा मृत्यु भएको, छोरी विवाह गरी अन्यत्र गइसकेको आधारमा माथि उल्लेखित जग्गा मृतकको शेषपछिको हकदारहरुमा कान्छा छोरा रामकाजी खत्रीको नाममा एकलौटी नामसारी माग भएकाले उक्त जग्गा निजको नाममा एकलौटी नामसारी गरिदिन मिल्छ मिल्दैन ? निज निवेदक बाहेक अन्य कोही जिवित हकदार छन छैनन ? एकलौटी नामसारी गरिदिन नमिल्ने वा अन्य कसैको हक लाग्ने भए यो सुचना प्रकाशित भएको मितिले बाटोको म्याद बाहेक ३५ (पैतीस) दिन भित्र आफ्नो हक दाबी प्रमाण साथ वा कानुन बमोजिम वारेस लिइ यस कार्यालयमा उपस्थित हुन आउनुहोला । अन्यथा कानुन बमोजिम भै जानेछ र कुनै किसिमको उजुर बाजुर लाग्ने छैन भनी यसै सूचनाद्वारा सबैमा जानकारी गराइन्छ ।

## भीमेश्वर नगरपालिका
## नगर कार्यपालिकाको कार्यालय

चरिकोट दोलखा,
बागमती प्रदेश, नेपाल ।

**करार सेवामा जनशक्ति पदपूर्ति गर्ने सम्बन्धी सूचना !**

**(सूचना प्रकाशित मिति : २०८२/०४/२७)**

यस कार्यालयको स्वीकृत दरबन्दी तथा आ.व. २०८२/०८३ को लागि वार्षिक स्वीकृत कार्यक्रम अन्तर्गत तपसिलका स्वास्थ्य सेवाका कर्मचारीहरु करार सेवामा लिनुपर्ने भएकाले योग्यता पुगेका इच्छुक नेपाली नागरिकहरुबाट यो सूचना प्रकाशित भएको मितिले ३० (तीस) दिनभित्र कार्यालय समयमा दरखास्त पेश गर्नुहुन सम्बन्धित सबैको लागि यो सूचना प्रकाशित गरिएको छ ।

| क.स. | विज्ञापन नं. | पद | तह | आवश्यक संख्या | न्यूनतम् शैक्षिक योग्यता | कैफियत |
|---|---|---|---|---|---|---|
| १. | २-०८२/८३ | अ.हे.व. | सहायक चौथो | ३ जना (१, ८ र ९ वडा) | • मान्यता प्राप्त शैक्षिक संस्थाबाट AHW विषय उत्तीर्ण गरेको वा सो सरह हुनुपर्ने । | स्थायी पदपूर्ति भईआएमा स्वत: हट्ने गरी । |
| २ | ३-०८२/८३ | अनमी | सहायक चौथो | २ जना (१ र ९ वडा) | • मान्यता प्राप्त शैक्षिक संस्थाबाट ANM विषय उत्तीर्ण गरेको वा सो सरह हुनुपर्ने । | स्थायी पदपूर्ति भईआएमा स्वत: हट्ने गरी । |

१) **दरखास्त फारामसाथ संलग्न गर्नुपर्ने कागजातहरु :**

- नागरिकताको प्रमाण पत्रको प्रतिलिपि
- योग्यता तथा अनुभव भए सो को प्रमाण पत्रको प्रतिलिपि
- काउन्सिलमा दर्ता भएको प्रमाण पत्रको प्रतिलिपि
- आवेदकको वैयक्तिक विवरण (बायोडाटा)
- हालसालै खिचेको पासपोर्ट साइजको २ प्रति फोटो ।

२) **दरखास्त पेश गर्ने** : भीमेश्वर नगरपालिका, नगर कार्यपालिकाको कार्यालय, प्रशासन शाखा वा कार्यालयको इमेल ठेगाना vacancy.bhimeshwor@gmail.com मा समेत पेश गर्न सक्नुहुनेछ ।

३) **उमेरको हद** : १८ वर्ष पुरा भई ३५ वर्ष ननाघेको, महिलाको हकमा ४० वर्ष ननाघेको ।

४) **आवेदन पेश गर्ने अन्तिम मिति** : प्रथम पटक सूचना प्रकाशित भएको मितिले २०८२/०५/२५ गते कार्यालय समय भित्र ।

५) **पाठ्यक्रम** : लोक सेवा आयोगले निर्धारण गरेको पाठ्यक्रम बमोजिम हुनेछ ।

६) **परीक्षाको किसिम** :, लिखित र अन्तर्वार्ता ।

७) **परीक्षा दस्तुर** : रु ५००/- (यस कार्यालयको नाममा रहेको नेपाल बैंक लिमिटेड, चरिकोट शाखाको आन्तरिक राजश्व खाता नं. १३००३००००१००१००००३ मा जम्मा गरी सो को भौचर पेश गरेको हुनुपर्ने ।)

८) **सेवा सुविधा र शर्तहरु** : कार्यालयले तोके बमोजिम हुनेछ ।

९) **सम्पर्क मिति** : सूचना प्रकाशन भएको मिति २०८२/०५/२७ गते कार्यालय समयभित्र ।

१०) **थप जानकारीका लागि** : प्रशासन शाखा, भी.न.पा.को कार्यालय वा कार्यालयको वेबसाइट www.bhimeshwormun.gov.np बाट समेत प्राप्त गर्नसक्नुहुनेछ ।

# नेप्से परिसूचकमा २७ अङ्कको गिरावट

**चरिकोट (दीस) :** नेपाल स्टक एक्सचेन्ज (नेप्से) परिसूचक सोमबार घटेको छ । साताको दोस्रो दिन भएको कारोबारमा नेप्से परिसूचक २७ दशमलव ९० अंकले घट्दै २ हजार ८२२ दशमलव ४६ बिन्दुमा कायम रहँदै कारोबार बन्द भएको हो । यस दिन नेप्से परिसूचक शून्य दशमलव ९७ प्रतिशतले घटेको थियो ।

नेप्सेले सार्वजनिक गरेको विवरणअनुसार, सोमबार विभिन्न ३२४ कम्पनीका दुई करोड ५० लाख ९२ हजार ४९० कित्ता शेयर ९८ हजार ५२५ पटक खरिदबिक्री हुँदा कुल रु १० अर्ब २१ करोड एक लाख ४२ हजार ३०८ बराबरको कारोबार भएको छ ।

कारोबार रकमका आधारमा सोमबार सबैभन्दा धेरै शिवम् सिमेन्ट लिमिटेडको रु ५३ करोड ८८ लाख ६० हजार ९५७ बराबरको शेयर किनबेच भएको हो । त्यस्तै, कारोबार भएका शेयर सख्याका आधारमा सबैभन्दा धेरै सिद्धार्थ इन्भेष्टमेन्ट ग्रोथ स्किम-२ को नौ लाख २३ हजार ५४९ कित्ता शेयर किनबेच भएका छन् ।

### मन्त्री........

तथा शुभकामना व्यक्त गरेका छन् ।

नेकपा एमाले दोलखा, नेपाल निजामति कर्मचारी सगठन, गौरीशंकर बहुमुखी क्याम्पस चरिकोट, सातदोबाटो चरिघ्याङ टोल सुधार समिति लगायत संघ-संस्थाले पनि मन्त्री कोसेलीलाई सम्मान गरेका हुन् ।

मन्त्री कोसेलीले वन व्यवस्थापनलाई प्रभावकारी बनाउन नीतिमा आवश्यक सुधार गर्ने र प्रदेशमा वन ऐन संशोधनमार्फत वन क्षेत्र व्यवस्थित बनाउने प्रतिबद्धता व्यक्त गरेका गर्नु भयो । उहाँले सामुदायिक वनको समस्या समाधानका लागि सामुदायिक वनको कार्ययोजना ल्याइएको र वन क्षेत्रलाई स्थानीय नागरिकको आयस्तरसँग जोड्ने योजना रहेको जानकारी दिनु भएको थियो ।

### नेपालको ........

संयुक्त राज्य अमेरिकाका केही राज्यहरु र चिली जस्ता देशहरुमा भौचर प्रणाली प्रचलनमा छ ।

यसअन्तर्गत सरकारले आर्थिक रुपमा कमजोर परिवारका विद्यार्थीलाई निश्चित रकमको 'भौचर' दिन्छ, जसलाई उनीहरुले चाहेको निजी विद्यालयमा शुल्क तिर्न प्रयोग गर्न सक्छन् ।

युरोपका बेल्जियम र नेदरल्यान्ड्स जस्ता देशमा सरकार र निजी विद्यालयबीच बलियो साझेदारी छ । निजी विद्यालयहरुले पनि सार्वजनिक विद्यालयसरह नै सरकारबाट पूर्ण वा आंशिक आर्थिक सहयोग पाउँछन्, त्यसको सट्टा उनीहरुले सरकारले तोकेका पाठ्यक्रम र शैक्षिक मापदण्डहरु पालना गर्नुपर्छ ।

फिनल्याण्ड, क्यानडा र जर्मनी जस्ता देशमा शिक्षामा समानता सुनिश्चित गर्ने प्रमुख आधार नै बलियो सार्वजनिक शिक्षा प्रणाली हो । यहाँ सरकारी विद्यालयको गुणस्तर यति उच्च छ कि धनी र गरिब सबै परिवारले सरकारी विद्यालयमै पढाउन रूचाउँछन् ।

बेलायत र अमेरिकाका धेरै प्रतिष्ठित निजी आवासीय विद्यालयहरुले आर्थिक रुपमा कमजोर तर जेहेन्दार विद्यार्थीहरुका लागि आफ्नै छात्रवृत्ति र आर्थिक सहायता कार्यक्रम चलाउँछन्, तर यो राज्यको अनिवार्य नियम नभई विद्यालयको आफ्नै नीतिको हिस्सा हो ।

नेपालमा गुणस्तरीय शिक्षाको पहुँच र समानता सुनिश्चित गर्ने चुनौती जटिल भए पनि असम्भव छैन । यसका लागि सरकारले आफ्नो संवैधानिक दायित्वलाई प्राथमिकतामा राख्दै सामुदायिक विद्यालयलाई सबल बनाउनुपर्छ ।

साथै, निजी क्षेत्र र शिक्षक महासंघलाई साझेदारीको भावनाका साथ अगाडि बढाएर एक एकीकृत र दिगो समाधान खोज्नुपर्छ (हामीले बुझ्नुपर्छ कि शिक्षामा समानता ल्याउनुको अर्थ सबै निजी विद्यालयहरुलाई बन्द गर्नु होइन, न त सबै भार उनीहरुमाथि थोप्नु नै हो । बरू यसको अर्थ सरकारले आफ्नो जिम्मेवारी वहन गर्दै एक यस्तो शैक्षिक वातावरण सिर्जना गर्नु हो, जहाँ हरेक बालबालिकाले चाहे उनीहरु गरिब होउन् वा धनी, गुणस्तरीय शिक्षा प्राप्त गर्न सक्नून् । जब सबै पक्षले एकअर्काका चिन्ताहरुलाई बुझेर सहकार्य गर्छन्, तब मात्र नेपालको शिक्षा प्रणालीमा रहेको असमानता हटाउन र सबैका लागि गुणस्तरीय शिक्षाको अधिकार सुनिश्चित गर्न सम्भव हुन्छ ।(यादव नेपाल ट्रेड युनियन काँग्रेससँग आबद्ध छन् ।)(स्रोतःपाटीबाट